**समृद्ध नगर निर्माणको लागि नगरबासीको सहभागिता !**

**आर्थिक तथा पुर्वाधार विकास र सुशासन हाम्रो प्रतिबद्दता !!**

**बागचौर नगरपालिकाको छैठौं नगर सभामा नगरपालिका उपप्रमुख एवम् बजेट तथा योजना तर्जुमा समितिका संयोजक श्री कल्पना पुनले प्रस्तुत गर्नुभएको**

# आर्थिक वर्ष २०७७।०७८ को बजेट वक्तव्य

## बागचौर नगरपालिका, सल्यान

## कर्णाली प्रदेश, नेपाल

## २०७७

**समृद्ध नगर निर्माणको लागि नगरबासीको सहभागिता !**

**आर्थिक तथा पुर्वाधार विकास र सुशासन हाम्रो प्रतिबद्दता !!**

***नगर सभाका सभाध्यक्ष महोदय,***

***सभाका सदस्यज्युहरु र अन्य उपस्थित महानुभावहरु ,***

- आज म यस बागचौर नगरपालिकाको छैठौं नगर सभामा बागचौर नगरपालिकाको उप प्रमुख एवं बजेट तथा योजना तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित नगर सभामा आर्थिक वर्ष २०७७।०७८ को बजेटको खाका प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु।
- यस ऐतिहासिक अवसरमा सर्व प्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको क्रममा राष्ट्रियता, लोकतन्त्र र नागरिक अधिकार प्राप्तिको लागी भएका १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण आदरणीय ज्ञात अज्ञात महान सहिद तथा बेपत्ताहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते अपाङ्ग योद्धाहरूप्रति हार्दिक सम्मानका साथ अभिवादन प्रकट गर्दछु । न्याय समानता, स्वाधीनता र समृद्धिका लागि विभिन्न समयमा भएका आन्दोलनहरूमा अमूल्य योगदान पुऱ्याउनु हुने सम्पूर्ण नेपाली आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरू प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

सर्वप्रथम अब म आर्थिक वर्ष २०७६।०७७ को संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

## आर्थिक क्षेत्र

बागचौर नगरपालिकाको आर्थिक विकासकको मुल आधार नै कृषि भएकोले उक्त क्षेत्रमा विकास मार्फत जनताको आर्थिक समुन्नतिका लागि कृषि औजारहरुको वितरण, व्यवसायिकरणका लागि टनेल, बिउबिजन आदि वितरण, भैसी पालनलाई प्रोत्सहान गर्न सुत्केरी भैसीलाइ भत्ता वितरण, उन्नत जातका बाख्रा, कुखुराका चल्ला लगायतका पशुपंक्षीहरु वितरण गरिएको ।

## सामाजिक क्षेत्र

सामाजिक क्षेत्र अन्तरगत शिक्षा क्षेत्रमा विद्यालयको भौतिक पुर्वाधार सुधारमा जोड दिइएको, नगर भित्र प्रतिस्प्रधात्मक वातावरण सृजना गरिएको, उत्कृष्ट शैक्षिक उपलब्धी ल्याउने सामुदायिक विद्यालय, शिक्षक, शिक्षिका तथा विद्यार्थिहरुलाई पुरस्कृत तथा प्रोत्सहित गर्ने कार्यक्रम गरिएको, शैक्षिक सुशासन र

व्यवस्थापनमा जोड दिईएको, पाठ्यक्रम, शिक्षक व्यवस्थापन, विद्यार्थी व्यवस्थापन र शिक्षामा लगानी व्यवस्थापन गरिएको, खेल मैदान निर्माण, स्वास्थ्य केन्द्ररहरुको स्थापना, लिफ्ट खानेपानी सेवा, मेयरसंग हिलट्याङ्की वितरण कार्यक्रम, दलित, विपन्न तथा महिलाहरुको क्षमता अभिवृद्दि तालिम लगयात विभीन्न कार्यक्रमहरु गरिएको ।

## पूर्वाधार क्षेत्र

पूर्वाधार विकास अन्य विकासको समेत आधार भएकोले गत आ.व.२०७५। ०७६ मा प्राथामिकताका साथ बजेट विनियोजन भएको र आ.व. २०७६।०७७ मा सडकहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नतीका कार्यहरु सम्पन्न भएको, साथै सडक, सिचाँई, विद्‌युत, भवन निर्माण लगायतका कार्यलाई गुणस्तरीय बनाउँदै लगिएको ।

## वातावरण तथा विपद व्यवस्थापन

नगर प्रमुखको अध्यक्षतामा विपद व्यवस्थापन समिति गठन गरि विभिन्न बाढि, पहरो, आगजानी जस्ता प्राकृतिक प्रकोपबाट प्रभावित पक्षलाई उचित राहतको व्यवस्था गरिनुको साथै, भैपरी आउने महामारी तथा ठुलो रोगको लागि उपचारार्थ विरामीरहरुको लागि विभीन्न किसिमका आर्थिक सहयोग उपलब्ध गराइएको । र हाल विश्वमै महामारीको रुपमा फैलिरहेको कोभिड १९ रोकथाम तथा नियन्त्रण कार्यमा सम्पुर्ण आर्थिक, भौतिक तथा मानविय श्रोत परिचालन गरिएको ।

## सुशासन तथा संस्थागत विकास

सार्वजनिक सेवालाई चुस्त, दुरुस्त तथा छिटो छरितो सेवा उपलब्ध गराउनको लागि सवै वडाहरुमा कम्प्यूटर र ईन्टरनेटको सुविधा गरिएको, नगरका थारमारे, बागचौर क्षेत्रमा फ्री वाईफाईको व्यवस्था गरिएको, कार्यालयमा विभिन्न सफ्टवयेर तथा सूचना प्रविधिमय बनाउन प्राथामिकताका साथ जोड दिइएको ।

अब म चालु आर्थिक वर्ष २०७६।०७७ असार ५ गते सम्मको संशोधीत बजेट तथा कार्यक्रमको आय तथा व्ययको क्षेत्रगत बजेट समिक्षा प्रस्तुत गर्न चहान्छु ।

## आय तर्फ

१) कर, दस्तुर सेवा शुल्कहरुमा संशोधित अनुमान गरिएको रकम रु १ करोड ५० लाखमा हालसम्मको आम्दानी रु ८६ लाख १६ हजार ९ सय ५६ रहेको छ ।

२) वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान, राजस्व बाडँफाट गरी जम्मा रकम रु ४९ करोड ४९ लाख ४९ हजार अनुमान गरिएकोमा असार ५ गते सम्म थप रकम सहित कुल आय ५६ करोड असी लाख एकासी हजार नौ सय पैसठ्ठी रहेको छ ।

## व्यय तर्फ

१) वित्तीय हस्तान्तरण समेतको हाल सम्म चालु खर्च रु २६ करोड २ लाख ६० हजार ३ सय चौरासी अर्थात ६४.२६ %

२) पुजिगत तर्फको खर्च रु ३ करोड ४८ लाख अठतिस हजार ४ सय तिरासी अर्थात १५.२९%

सभाका सभाध्यक्ष एवं सभाका सदस्यज्यूहरु

अब म आ.व २०७७।०७८ का लागि राजश्व तथा आय र व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु । सीमित श्रोत साधनले असिमित माग र बढ्दो आकांक्षालाई एकै पटक सम्बोधन गर्न नसकिने यथार्थमा नगरपालिकालाई संघीय सरकारबाट प्राप्त बजेट सिलिङ्ग, प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग, नगरको आन्तरिक आय समेतलाई आकलन गरी उल्लेखित नीति तथा कार्यक्रमहरुको प्राथामिकता आधारमा कार्यान्वयन गर्नका लागि आ.व. २०७७।०७८ का लागि निम्नानुसार बजेट तर्जुमा गरिएको छ ।

## आय तर्फ

आगामी आर्थिक वर्षमा आन्तरिक आय तर्फ कुल रु १०००००००० ( अक्षरुपी एक करोड)

संघीय सरकारको वित्तिय समानीकरण अनुदान रु ११८१००००००( अक्षरुपी एघार करोड एकासी लाख) ,

संघीय सरकारको राजश्व बाँडफाँड मार्फत प्राप्त हुने रकम रु ९२११७९९०( अक्षरुपी नौ करोड एक्काईस लाख सत्र हजार नौ सय नब्बे),

संघीय सरकारको सशर्त अनुदान रु २८०८०००००० ( अक्षरुपी अठ्ठाईस करोड आठ लाख)

संघीय सरकारबाट विशेष अनुदान रु १५०००००० ( अक्षरुपी एक करोड पचास लाख)

प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान रु १०१६९०००( अक्षरुपी एक करोड एक लाख उनान्सत्तरी हजार),

प्रदेश सरकारको राजश्व बाँडफाँड मार्फत प्राप्त हुने रकम रु ९७६००० ( अक्षरुपी नौ लाख छयहत्तर हजार),

प्रदेश सरकारको सशर्त अनुदान रु ५४००००००( अक्षरुपी पैतालिस लाख )

प्रदेश सरकारको विशेष अनुदान रु ५००००००( अक्षरुपी पचास लाख)

प्रदेश सरकारबाट समपुरक अनुदान रु १३००००००( अक्षरुपी एक करोड ३० लाख

कोभिड १९ रोकथाम तथा नियन्त्रण रकम रु १६७०००००( अक्षरुपी एक करोड सतसठ्ठी लाख ) र

गत वर्षको बचत अ.ल्या. रकम रु १५०००००००० ( अक्षरुपी पन्ध्र करोड) समेत गरी कुल रकम रु ७१६३६२९९० ( अक्षरुपी एकहत्तर करोड त्रीसठ्ठी लाख बैसठ्ठि हजार नौ सय नब्बे ) जम्मा आय तर्फ रहेको छ ।

## व्यय तर्फ

आय तर्फ प्रक्षेपण गरिएको कुल रकम ७१ करोड ६३ लाख ६२ हजार ९ सय ९० बमोजिम आगामी आर्थिक वर्षमा

- चालु खर्च रु १४२७९३९९० ( अक्षरुपी चौध करोड सत्ताईस लाख त्रीनब्बे हजार नौ सय नब्बे )
- पुँजीगत निर्माण खर्च तर्फ रकम रु २८८२६९००० ( अक्षरुपी अठ्ठाईस करोड बयासी लाख उनान्सत्तरी हजार नौ सय नब्बे)
- र सशर्त अनुदान चालु र पुजिंगत खर्च रु २८५३००००० (अठ्ठाईस करोड त्रिपन्न लाख)

  विनियोजन गरेको छु ।

माथी उल्लेखित पुँजीगत तथा चालु खर्चलाई स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) ले निर्दिष्ट गरे बमोजिम आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपत व्यवस्थापन तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रगत रुपमा विनियोजन गर्न प्रस्ताव गरेको छु । बजेट आय-व्ययको विवरण अनुसुचीमा समावेश गरेको छु ।

अन्त्यमा, यो बजेट निर्माण गर्न मार्ग निर्देशन प्रदान गर्नु हुने नगर प्रमुख ज्यू, सहयोग प्रदान गर्नुहुने वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, सदस्यज्यूहरु तथा कर्मचारी वर्गहरु, न्यायप्रेमी बुद्धिजिवीहरु, नागरिक समाज, संघ संस्थाका पदाधिकारीज्यूहरु, सञ्चारकर्मी तथा सम्पुर्ण नगरबासीहरुमा हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद !

**कल्पना पुन**

**उप प्रमुख**

**संयोजक**

**बजेट तथा योजना तर्जुमा समिति**

**अनुसुची-१**

**आ.व. २०७७।०७८ को बजेट अनुमाण संक्षेप**

| | | |
|---|---|---|
| **(क) आय तर्फ** | | |
| **संघीय सरकार** | | |
| **क्र.स.** | **शिर्षक** | **रकम** |
| १ | वित्तिय समानीकरण अनुदान | रु ११८१०००००( अक्षरुपी एघार करोड एकासी लाख) |
| २ | राजश्व बाँडफाँड | रु ९२१११७९९०( अक्षरुपी नौ करोड एक्काईस लाख सत्र हजार नौ सय नब्बे) |
| ३ | सशर्त अनुदान | रु २८०८००००० ( अक्षरुपी अठ्ठाईस करोड आठ लाख) |
| ४ | विशेष अनुदान | रु १५०००००० ( अक्षरुपी एक करोड पचास लाख) |
| **जम्मा** | | **५० करोड ६० लाख १७ हजार ९ सय ९०** |
| **प्रदेश सरकार** | | |
| १ | वित्तिय समानीकरण अनुदान | रु १०१६९०००( अक्षरुपी एक करोड एक लाख उनान्सत्तरी हजार) |
| २ | राजश्व बाँडफाँड | रु ९७६००० ( अक्षरुपी नौ लाख छयहत्तर हजार) |
| ३ | सशर्त अनुदान | रु ४५०००००( अक्षरुपी पैतालिस लाख ) |
| ४ | विशेष अनुदान | रु ५००००००( अक्षरुपी पचास लाख) |
| ५ | समपुरक अनुदान | रु १३००००००( अक्षरुपी एक करोड ३० लाख |
| **जम्मा** | | **३ करोड ३६ लाख ४५ हजार** |
| **आन्तरिक श्रोत** | | |
| १ | कर तथा दस्तुर सेवा शुल्क | १ करोड |
| २ | गत वर्षको अ.ल्या. | १५ करोड |
| ३ | कोभिड १९ रोकथाम तथा नियत्रण | १ करोड ६७ लाख |
| **जम्मा** | | **१७ करोड ६७ लाख** |
| **कुल जम्मा (आय)** | | **७१ करोड ६३ लाख ६२ हजार ९ सय ९०** |
| **(ख) व्यव तर्फ** | | |
| **क्र.स.** | **शिर्षक** | **रकम** |
| १ | चालु खर्च | १४ करोड २७ लाख ९३ हजार ९ सय ९० |
| २ | पुजिगत | २८ करोड ८२ लाख ६९ हजार |
| ३ | सशर्त ( चालु तथा पुजिगत) | २८ करोड ५३ लाख |
| | **कुल जम्मा (व्यय)** | **७१ करोड ६३ लाख ६२ हजार ९ सय ९०** |